# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/१४

तेस्रो अधिवेसन

(१६औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको १६औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब शुन्य समय शुरु हुन्छ ।

**३. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि शुन्य समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । शुन्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय भरत बहादुर खड्कालाई समय दिन्छु ।

### माननीय भरत बहादुर खड्का

सभामुख महोदय, आज प्रदेश सभा गठन भएको लगभग १ वर्ष पनि नाघिसकेको छ र परिवर्तनलाई बडा उत्सुक्ताका साथ नेपाली जनताले हेरेका थिए । प्रदेश सभाको निर्वाचन भइ सकेपछि माननीय सदस्यज्यूहरु उत्सुक भएर जनताका सेवा सुविधा र विकासका कुराहरुलाई गति दिएर परिवर्तनको अनुभूति दिने जुनसोचमा हुनुहुन्थ्यो आज त्यो निरासामा बदलिएको छ । २०७४/०७५ को बजेट पनि खर्च हुन सकेन । २०७५/०७६ को बजेटको ९ औ महिनासम्म पनि अख्तियारी जान सकेको छैन । त्यसैले यो बजेट पनि अब खर्च हुन सक्ने अवस्था छैन । जस्ले गर्दा सुदूरपश्चिम प्रदेशका नागरिकका लागि छुटयाइएको विकास रकम खर्च नहुनु यो बडा दुखदायी कुरा हो । हामीले बारम्बार कुरा उठायौं सुझाव दियौं र कार्ययोजना पनि दियौं । यसरी विकास बजेटलाई अगाडी बुढाऔ र माननीयज्यूहरुलाइ पनि जवाफदेही बनाऔ तर सरकारमा बसेका व्यक्तिहरुले यलाई हल्का ढंगले लिनुभाको छ र आज हामीलाई चिन्ता छ जुन सरकारका कामकाजका हिसाबले प्रदेशको औचित्य माथि पनि प्रश्न उठ्न थालेको छ । यो प्रक्ष हाम्रो होइन यहाँ पक्ष र प्रतिपक्ष विरोध र समर्थनको लागि होइन । हाम्रो प्रतिपक्ष भनेको गरिबी हो अशिक्षा हो किन भने हाम्रो गन्तव्य एउटै हो । संसदीय भागमा सत्ता पक्ष प्रतिपक्ष भनेको रचनात्मक हिसाबले अगाडी अगाडी बढ्ने हो । विरोधको लागि विरोध होइन र हाम्रो गन्तव्य एउटै हो । सुदूरपश्चिम राज्यबाट धेरै पहुँच नपुगेको सुदूरपश्चिम जाहा गरिबी जहाँ बेरोजगारी

जहाँ अशिक्षा छ तेलाइ राष्ट्रको मुलधारमा ल्याउने हाम्रो गन्तव्य एउटै थियो त्यसमा हामी सहकार्य गरेर अगाडी बढेर अगाडी बढौं भनेर हामी अगाढी लागेका थियौं । आज यो निसाशामा बदलिएको छ । यो सबैले सोच्नुपर्ने र विश्लेषण गर्नुपर्ने अवस्थामा छ । यो सम्मानित सदनमा विश्लेषण गर्नुपर्छ समिक्षा गर्नुपर्छ । यै प्रसारले सरकारको कार्यशैली गयो भने त्यसले भोली ठुलो समस्या ल्याउन सक्छ । त्यसैले यो आज सबैको चिन्ताको विषय बन्न पुगेको छ र यो सम्मानित सदनमा यसको व्यापक समिक्षा हुनु जरुरी छ र अर्को तिर भ्रष्टाचार बढेको छ आर्थिक अनुशासन विहिन भैराखेको छ, शान्ति अमयचयन खलल भएको छ, आज महंगाइ बढेको छ र किसानले समयमा मलविउ पाको छैन र कुनै ठाउमा सेवा सुविधाका बारेमा सहज पहुँच पुग्न सकेको छैन । कतिपय कुराहरु त नियमन गर्न सक्छ सरकारले र प्रदेश सरकारको सामान्य पनि उपस्थिति मैले देखेको छैन । मैले मात्र होइन जनताले अनुभूति गर्न सकेको अवस्था छैन । जहाँसम्म अब विकासका कुराहरु अगाडी बढ्दैनन् भन्ने कुराहरु हामीलाई ठोकुरा साथ भन्न सकिन्छ । २-४ वटा अफिस खोलेर यो भौतिक पूर्वाधारका अफिसहरु बैतडीमा छ जस्ले दार्चुला बझाङ र बैतडीलाई हेर्नु पर्छ । एउटा व्यास गाउँपालिका टिंकर जो चिनको सिमानाबाट आएर बैतडीमा सम्झौता गर्दाखेरीको अवस्था के होला । ९ महिनासम्म अख्तियारी गएको छैन, लगत स्टिमेट के हुने सम्झौता कहिले हुने, बाजुरा बिच्छ्याबाट आएर अछाममा सम्झौता गर्नुपर्ने । मलाइ लाग्छ यहाँ धेरै बुझेका व्यक्तित्वहरु हुनुहुन्छ तर सेवा प्रवाहलाई कुन ढंगले कुन प्रकृतिका अफिसहरु राख्दाखेरी सहजता दिलाउन सकिन्छ भन्नेसम्म पनि हामीलाई जानकारी भएन । त्यसैले हामीलाइ चिन्ता छ र हामी सरकारले गर्ने कुनै पनि रचनात्मक कुराहरुमा हामी साथमा छौं र जहाँसम्म यहाँ कर्मचारीको समायोजन सम्बन्धीका कुराहरु पनि उठेका छन् । आज हामीले प्रमुख सचिवलाइ पनि भेटेका छौं । वाहाँले राम्रो कुरा गर्नुभाको छ । त्यो ऐन अधुरो मापदण्ड बनाएर अगाडी बढ्ने कुरा भएको छ । कसैले पुर्वाग्राहीका हिसाबले कर्मचारीलाइ चलाउनु हुँदैन । यी राज्यका सबैभन्दा बढी महत्वपूर्ण अंग हुन् स्थायी सरकार हुन् र तिनिहरुलाइ विभेद गरेर तिनिहरुका बिचमा मनोबल घटाउने कुरा गर्यो भने राज्य अगाढी बढ्न सक्दैन । त्यसैले म अझ पनि के आग्रह गर्न चाहान्छु भने सरकारले गति लियोस यो तरिकाले प्रदेशलाइ सरकारले गतिदिन सक्दैन भने सरकारमा बसेका साथिहरुले पनि सोच्नु पर्छ यो प्रदेशका लागि पनि धोका हुन सक्छ धन्यवाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, परिवर्तनको अनुभूति जनतासम्म हुन सकेन भन्ने कुरा आएको छ । धेरै मसिना मसिना कुराहरुले पनि परिवर्तनको अनुभूति हुने गर्दछ । अहिले हाम्रो प्रदेशमा हामीले वन जंगल धेरै रहेको भन्ने कुराको प्रमाण यहाँ दिरहदा हाम्रो प्रदेशका जनताले घर बनाउने काठहरु प्रयाप्त रुपमा सजिलै तरिकाले पाउन सकिरहेका छैनन । अहिलेपनि हाम्रो प्रदेशको घर निर्माणका कार्यहरु यहासम्मकी सरकारी घर निर्माणका कार्यहरु पनि अवैधानिक ढंगले काठहरु आपूर्ति भइराखेको छ ।

यो अहिले हामीले हाम्रो क्षेत्रमा देखिराखेका छौं कि हिजो कै दिनको जस्तो प्रवृति अहिले रहेको छ । साना साना कुरा भनेर हेरचेत्रयाइ गर्यो भने जनताले परिवर्तनको अनुभूति कसरी महसुस गर्ने । हाम्रो संघीय सरकारको मातहतमा रहेको टिंबर कर्पोरेशन अफ नेपालसँग अहिले सुदूरपश्चिम प्रदेशमा अहिले २० हजार सेफ्टी काठ मौजात छ र त्यो काठ अहिले काठमाडौका धनाढ्यहरुलाइ पठाउन तमतयार रहेको छ र यहाँका जनताहरुले नपाइकन काठमाडौं पठाउने कुरा यो स्थानीय उपभोक्ता स्थानीय जनताको आफ्नो अधिकार भन्दा पनि उनिहरुले पाउनु पर्ने एकदमै प्राकृतिक न्यायको सिद्धान्तका विपरित हुन जान्छ । त्यसैले सुदूरपश्चिम प्रदेशका घर निर्माणका लागि न्यायोचित ढंगले कानून सम्मत ढंगले सरकारी दररेटमा काठ जनताले पाउनु पर्दछ । अहिले पाइरहेका छैनन् । तत्काल हाम्रो प्रदेश सरकारले त्यो काठलाइ जाँच गरेर प्रदेश भित्रै विक्री वितरण गरिसकेपछि यहाँको आवश्यकता पूर्ति भएपछि बाहिर पठाउने काम हो । हामीले कानून निर्माणमा धेरै ढिलाइ गरिसक्यौं धेरै कुराहरु हामीले संविधान अनुसार जनतालाइ अनुभूति हुनेगरी धेरै कुराहरुलाइ लागु गर्न सकिरहेका छैनौं । धेरै कुरा संघीय सरकारबाट हामीलाइ अहिले असहयोगको अवस्था पनि भैरहेको छ । मन्त्रीपिच्छे संविधानलाई बुझ्ने मन्त्रिपिच्छे व्यवस्थालाई बुझ्ने कामहरु भैरहेको छ । उदाहरणको लागि संघीय सरकारका शिक्षा मन्त्री शिक्षा मन्त्रालय अन्तरगतको जिल्ला शिक्षा समन्वय इकाई संघको मातहतमा राखिएको छ । असको अर्थ हामीले बुझेनौं । एउटा सानो युनिटलाइ पनि संघले आफ्नो मातहतमा राख्नु यति कन्जुसाइ गर्नु कसरी संघीयता लागु हुन्छ । अहिले प्रदेश सरकार अलमलमा छ कि शिक्षाका कार्यक्रमहरु एउटा जिल्ला शिक्षा जस्तो युनिटलाइ संघले आफ्नो मातहतमा राख्नु अनी तल आधारभूत शिक्षा र माध्यामिक शिक्षा स्थानीय तहको मातहतमा संविधानले दिइसकेपछि त्यो जिल्ला शिक्षा विकास समन्वय इकाईले के काम गर्छ । बडा अलमल छ प्रदेशले अर्को युनिट बनाउन सकिरहेको अवस्था छैन । यी साना मसिना कामहरुले पनि जनतामा वितृष्णा पैदा भएको हो । हिजोको निरन्तर राज्यले दिरहेको सेवा अवरुद्ध भएको छ । नयाँ किसिमको सेवाहरु अब हामीले दिन सकिरहेका छैनौं । हामीलाइ अब समय छैन भन्ने अवस्था पनि छैन । धेरै समय गुज्रिसकेको छ । समय ढल्की सकेको छ । यतिबेला पनि हामीले यदी त्यो सेवा दिन सकेनौं भने जनतामा वितृष्णा पैदा हुन्छ । जनतामा निसाशा पैदा हुन्छ । जनतामा राज्य व्यवस्था र यो राजनितिक पार्टीहरु प्रति पनि वितृष्णा पैदा हुन्छ । राजनीतिक पार्टी कै कारणले यो व्यवस्था आएको कुरा राजनीतिक पार्टीहरु प्रति यदी अविश्वास सृजना भयो भने लोकतन्त्र पनि खतरामा हुन्छ । संविधान पनि लागु हुन सक्दैन । त्यसैले यो साना साना कुरामा सरकारको ध्यान जाओस । तत्काल Correction गरोस र यो सदनले पनि समसामयिक विषयमा छलफल गर्न हामी गरिमामय सदनमा हुन सकिरहेको अवस्था छैन । यहाका हाम्रो जनताका भूमिका समस्याहरु को विषयमा वहस हामीले गर्नुपर्दछ । साँच्चिकै भन्नेहो भने यो लामो समयदेखी राणाकालदेखी भुमीको व्यवस्था विभिन्न किसिमको भूमिको स्वामित्वहरु छ । ति विविध स्वामित्वहरुलाई जनताको अधिकार भित्र लोकतान्त्रिक विधिले भुमि कमाउने व्यक्तिको मातहतमा आउने गरी कृषि गर्ने व्यक्तिलाई जमिनको

स्वामित्व दिनका लागि हामीले बहस गर्नुपर्छ । ती पर्याप्त बहसहरु हुन सकेका छैनन् । यतातिर तत्काल सरकारको ध्यान जाओस भन्ने म जोरजार रुपले माग गर्न चाहान्छु धन्यवाद ।

**माननीय मान बहादुर सुनार**

माननीय सभामुख महोदय, यो हाम्रो सुदूरपश्चिम प्रदेश अथवा मलाइ लाग्छ देशै भरीको हो हाम्रो सुकुम्बासी समस्या । सुकुम्वासी समस्याका विषयमा कंचनपुर कैलालीमा यो भन्दा पहिला पूर्जा बनिसकेका पैसा पनि राजस्व तिरिसकेको र अहिलेसम्म पनि त्यो ढङ्गामा नचडेका कारणले त्यो लागु भएका छैनन् ७/८ वर्ष भैसक्यो । अस्ती पनि संघीय मन्त्री आउदा खेरी हाम्री यहाका भूमि व्यवस्था मन्त्री र संघीय भूमि व्यवस्था मन्त्रीसँग कुरा गर्दा खेरी छिटै शक्तिशाली आयोग गठन हुन्छ । तेले सम्पूर्ण पुरा गर्छ भन्ने किसिमको कुरा भएको थियो । अहिले पनि त्यो सुकुम्बासी आयोग गठन भएको छैन । ति काम तेतिकै भएका छन् । ती काम लागु गर्नका लागि तत्काल यहाँ केन्द्रले हाम्रो प्रदेशलाई अख्तियारी दिएर हुन्छ कि संघले सिधै चिठी पठाएर हुन्छ कि त्यो समस्या छिटो भन्दा छिटो समाधान होस किन भन्दा खेरी हामीसँग जग्गा छ थुप्रै जग्गा छ । हामी जग्गा नाप जोक नभएर यो जग्गा हाम्रो हो भन्ने हामीले किसानले त्यो पनि पाएका छैनन् । यता सरकारको राजस्व पनि बढेको छ । लगभव मलाइ लाग्छ २/३ वर्ष चल्ने यो हाम्रो प्रदेश सभालाइ चलाउने त्यो त्यति पैसा उठ्नु पर्ने ठाउमा अहिले शक्तिशालि आयोग गठन नभएर त्यो एकदम पछाडी परेको छ । यो यथाशिघ्र सुकुम्बासी समस्या गठन गरेर त्यो व्यवस्था होस भनेर म जोरदार माग राख्न चाहान्छु । त्यसका साथसाथै हाम्रो सुदुरपश्चिम प्रदेश हाम्रो दोधारा चाँदनीमा सुख्खा बन्दरगाहा बन्ने भन्ने सम्पुर्ण कुरा भइसकेको थियो तर त्यो अहिलेसम्म काम अगाडी बढेको छैन । तेलाइ छिटो भन्दा छिटो सुख्खा बन्दरगाहालाई टिकेटिङ चेकपोष्ट त्याहाँ बन्यो भनेपछि यो कंचनपुर अथवा महेन्द्रनगर ३३० किमि मात्र टाढा भएका कारणले सम्पूर्ण सुदूरपश्चिमको विकास हुने भएकाले यो यथाशिघ्र सुख्खा बन्दरगाहा र चेक पोष्ट ताहा बनोस र त्यो बनेपछि सुदूरपश्चिमको विकासको मुहान खुल्ने भएका कारणले म यो सदनबाट ध्यानाकर्षण गराउन चाहान्छु । त्यसका साथसाथै यो यएरपोर्टका विषयमा कंचनपुरको यएरपोर्ट सूचारु थियो । हामि पैला त्यैबाट काठमाडौ जान्थ्यौं हामी । अहिले त्यो यएरपोटको लागि हाम्रो बन मन्त्रीलाई भनेर त्यहाँ पैसा छुटाउने भनेका थियौं । मलाइ लाग्छ त्याहाँ पैसा छुटिएको छ कि छैन । तत्काल घेरवार गर्ने र बाँकी सूचारु गर्ने भनेपछि हाम्रो धनगढीको यएरपोर्ट अन्तराष्ट्रिय र महेन्द्रनगरको यएरपोट डोमेस्टिक भएपछि भोली आउने पर्यटकहरु पनि सम्पूर्ण ठाउँमा पुग्ने भएपछि यस तर्फ सरकारको ध्यान जाओस भन्ने माग गर्न चाहान्छु । त्यसका साथसाथै यो कृषिका लागि कृषि प्रदान देश भएका कारणले कृषिका लागि टयाक्टरहरु आउछन् । ४ लाख ५ लाख पर्ने टयाक्टरको हाम्रो यहाँ १४ लाख १५ लाख पर्छ त्यसको लागि मलाई लाग्छ कृषकहरुको लागि निश्कक वा १ प्रतिशत २ प्रतिशतमा कृषकहरुको लागि ल्याएर कृषिको लागि उपभोग गर्ने व्यवस्था हुनुपर्छ भन्ने कुरा राख्न चाहान्छु । त्यसका साथसाथै

महाकालीको पुलको यतापट्टी मान्छेको पूर्जा नभएको जग्गा थियो । तिनको क्षेतिपूर्ति दिनका लागि फायल केन्द्रमा पुगेको छ । त्यो क्षेतिपूर्ति नपाएर ६ लेनको बाटो पनि रोकिएको छ । महाकालीको पुल पनि बन्न ढिलो भएको छ । त्यसै कारणले छिटो भन्दा छिटो त्यो फायल हेरेर संघले छिटो भन्दा छिटो त्यसको निर्णय गरेर जग्गाको क्षतिपूर्ति दिएर जनतालाई छिटो भन्दा छिटो राहत दिनुपर्छ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय मालामती कुमारी राना**

माननीय सभामुख महोदय, चैत्र ७ गते सेती अंचल अस्पताल धनगढी उ.म.न.पा. १२ जुगेडा गाउकी रेखा थापाको प्रसुती हुने बेलामा मृत्यु भएको छ । सेती अंचल अस्पतालमा एकदमै चरम लापरवाही भएको छ । सायद मलाई लाग्छ धनगढी थुप्रै प्राइभेट अस्पताल खुलिसकेको अवस्था छ र प्राइभेट क्लिनिकमा डाक्टरहरुले एकदमै बढी ध्यान दिने गरिराखु भएको छ र सरकारी अस्पतालमा ध्यान नदिने कुरा छ र महिलाहरु अहिले तर्सि रहेको अवस्था छ । महिलाहरु सुत्केरी हुनको लागि आउन मानिराखेको अवस्था छैन । अहिले जुन सरकारी अस्पतालमा प्रसुति गृह एकदमै खाली भएको पनि अवस्था छ । सम्बन्धित मन्त्रालयले सरकारी अस्पताललाई निर्देशन गरियोस राम्रोसँग उपचार डाक्टरहरुले गरुन । यस्तै गरेर महिलाहरुले अकालमै ज्यान गुमाउनु परेमा ति डाक्टरहरु जस्ले प्रसुति गराउछ वाहाहरुलाई कडा भन्दा कडा कारबाही गरियोस । २०७५/०९/२३ गते सामाजिक विकास मन्त्रालयमा स्वयंसेवकको विज्ञापन खोलिएको छ । विभिन्न पदमा खोलियो । कमसेकम त्यसमा १४६ वटा सिट रहेको थियो । त्यसमा दलित जनजाती थारु मुस्लिमहरुले कुनै नाम निकाल्न सकिएन । वाहाहरुको नाम निस्किएन । प्रतिशतका आधारमा नाम निकालियो । प्रतिशतका आधारमा नाम निकालियो भने दुरदराजका पहाडका हिमालका बोडिङमा पढेका हुँदैनन् । थारु जनजाती मधेसी पिछडा वर्गका बालबच्चाहरु बोडिङमा पढेका हुँदैनन् । अनि प्रतिशतको आधारमा वाहाकरुले नाम निकाल्न सक्दैनन । त्यस कारणले यी विभिन्न जातजातीलाइ आरक्षणको व्यवस्था गरियोस । अहिलेसम्म पनि ९ महिना वितिसक्दा मन्त्रालयले अख्तियारी नदिएको अवस्था । २ महिना मात्रै अब काम गर्न बाँकी छ । अब यसमा काम गर्न संकै लागिरहेछ । सम्बन्धित भौतिक पूर्वाधार निर्माणको लागि जुन सम्पर्क कार्यालय २ जिल्ला ३ जिल्लामा एउटा सम्पर्क कार्यालय छ । दुरदराजका पहाड हिमालका दोश्रो जिल्लामा आएर काम गर्न सक्दैनन् समय पनि छैन । त्यस कारण सम्बन्धित जिल्लामा प्रत्येक जिल्ला जिल्लामा सम्पर्क कार्यालय हुन जरुरी छ । प्रत्येक जिल्लामा सम्पर्क कार्यालय खोलियोस । कैलाली कंचनपुरको सिमाना भारतसँग जोडिएको भारतका यसयसपी फोर्सले एकदमै दाबी गरिरहेको अवस्था छ । पुरै नेपालकै भूमि हाम्रो भारतको हो भनेर उनीहरुले दाबी गरिरहेको अवस्था छ । तेतिमात्रै होइन सिमामा रहेको १० गजा क्षेत्रमा भारतको मनपरी उनीहरुले गरिरहेको अवस्था छ । २ देशको विचमा जुन सिमा स्तम्भ छ ति सिमा स्तब्भ पनि बेपत्ता पारिएको अवस्था छ । त्यस कारण प्रदेश सरकारले

सकिन्छ भने आफुले पहल गर्नुपर्यो । अनी संघीय सरकारको पनि प्रदेश सरकारले ध्यानाकर्षण गराओस भन्न चाहान्छु । अहिले हाम्रो प्रदेश कृषि प्रदान प्रदेश हो । समयमा खेती गर्ने समय आउदै छ । खेती गर्ने समयमा विउ हुँदैन मल हुँदैन । विगतमा गएकै सिजनमा गहु मसुरो लगाउने बेलामा मल नपाएको अवस्था थियो । समयमै विउ र मलको व्यवस्था गरियोस र कैलारी गाउपालिकामा एउटा कृषि जोनको व्यवस्था गरिएको छ । के एउटा गाउपालिकाले कृषि जोन हुँदैन । प्रत्येक निर्वाचन क्षेत्रमा कृषि जोनको व्यवस्था गरियोस र कृषि जोन यस्तो हुनुपर्छ जस्ले मल र विउको उत्पादन गरोस् । जो भारतको पन्तनगरले आफ्नो भारत समेत नेपाललाई धाइरहेको अवस्था छ । त्यस कारण हाम्रो नेपालमा पनि कृषि जोनले विउ उत्पादन गरोस माग गर्न चाहान्छु धन्यवाद ।

**माननीय रतन बहादुर थापा**

माननीय सभामुख महोदय, यो कैलाली जिल्लाका विशेष गरेर खोलानालाहरुमा यो आइ गरेको ठाउहरु छ तर कानून बनाएर त्यसको लागु भएन भने जति राम्रा कानून बनाएर तेति राम्रा कुरा गरेपनि व्यवहारमा लागु भएन भने हुँदैन । उदाहरण अहिले कर्णालीको नदी चरेला यो खुटियामा खोलाहरुमा यो ठाउबाट बालुवा उठाउने यो ठाउँबाट नउठाउने भनेर व्यवस्था गरिएको छ तर त्याहाँ तेसरी उठाइएको छैन । कर्णालीमा गएर हेर्दा खेरी डोजर समेत जस्तै डेड मिटर Maximum २ मिटर सम्म त्यसको गिटी बालुवा उठाउनु पर्नेमा ट मिटरसम्म खनेको छ र तिनिहरु राती काम गर्ने दिउसो डोजर समेत लुकाउने ठाउको व्यवस्था गरेका छन् र भोली धेरै गाउहरु बग्न सक्ने सम्भावना देखिएको छ यो एकदम खतराको रुपमा देखिएको छ । यलाई हामीले समयमै बचाउन सकेनौं भने यो गाह्रो छ र यसबाट संचालित क्रसर उद्योगहरुको लाइसेन्स पनि छैन धेरै जस्ताको कसैको होला । त्यसैगरेर राख्ने ठाउको ठेगाना छैन अनी व्यवस्थापन छैन । कसरी तिनिहरुका रिन्यू भइराखेका छन् कसरी तिनिहरुका काम भइराखेका छन् । मैले सुनेको छु उद्योगको नाम म लिन चाहान्न सदनमा ३/४ वर्षसम्म नविकरण भएको छैन । नविकरण गर्न मिल्दैन तर काम गरेर खान मिलेको छ । अवैधानिक रुपमा चलेका छन् । सम्बन्धित मन्त्रालय कुन ठाउमा हो कैलाली जिल्लाको कुरा गर्याछु मैले । त्यो हेर्नु पर्यो अब यसरी चल्ने हो भने त कानून जति राम्रा बनाए पनि के लाग्ने हो र व्यवस्था कसरी चल्ने हो । त्यस कारण अहिले यो हाम्रो पुलिसहरुको भूमिका पनि मैले हिजोका दिनको र अहिले परिवर्तन भएको अथवा दुइ तिहाइ भएको अथवा के के भएको तर परिवर्तन खासै केही पुलिसहरुमा आएको देख्याछैन । जंगलमा व्यारेल राखेर अगाडि यसरी उभिएर पुलिसहरुले रोक्छन् र मान्छेहरुसँग बिल काटेका हुन्छन् । मैले सुनेको छु मैले प्रमाण पनि भेटाएको छु । रसिद तिनिहरु आफै छपाउछन् त्याँ । त्यो आफै छपाउछन् । एउटा ठेली सरकारलाई बुझाउछन् दुइटा ठेली आफुले नै प्रयोग गरेका छन् । त्यो पनि छान्नु पर्यो त्यसतो आइरहेको छ दण्ड दिने काम र खासै त्यसतो भूमिका देखिएको छैन । र क्षतिपूर्तिको कुरामा त हामीले सदनमा कति बोल्ने कति भन्ने कुरा मात्रै हो । अब बोल्नको लागि नै

सांसदको काम हो भने त हो तर यो कामको लागि हो कि भन्ने अरुले सोचेको छ र यो कमसेकम राहत भनेको अनदस्पोट भन्ने हुन्छ । अन्दस्पोटमा घटना भइसकेपछि दिनुपर्ने हो । तर त्यसको कार्यविधि समेत बन्या छैन भने त्यो आएको छैन । राहत दिने कुरा त कागज मा हो तर समेत पनि आएको छैन । यसतो समस्या हाम्रो छ । र यो सुझावको रुपमा भन्न चाहान्छु । हाम्रो सुशासन अब सरकार कहाँ देखिन्छ त सरकारको नाम त मालपोत कार्यालयमा देखिनु पर्यो । पुलिसको ठाउमा देखिनु पर्यो । हरेक ठाउमा सरकार खासै नयाँ रुपमा देखिएको छैन र अर्को कुरा हो बजेटको कार्यान्वयनका धेरै कुरा छैन तर रुलिङ पावर यदि शक्ति छ भने हामीसँग २ महिना ३ महिना पनि पर्याप्त बजेट खर्च हुन्छ । हिजोको केन्द्रीय सरकारको जुन थियो २/३ महिनामा नै बजेट सकिन्थ्यो धेरै बजेट १०० प्रतिशत नभएपनि धेरै बजेट सकिन्थ्यो । अहिले पनि हामीसँग ३ महिना छ । तिन महिनामा जम्मा ८ घण्टा काम गर्छौं । अब हामीले यलाई ९ घण्टा बनाउन सकिन्छ । यदी यदि २४ घण्टा काम गर्यो भने । ३/३ सिफ्टमा ८/८ घण्टामा गरायो भने अब मिस्तिरीहरु पनि राखिदियो लेबरहरु पनि राखिदियो । ८ घण्टा दिउसो काम गर्छन ८ घण्टा राती काम गर्छन । ३ सिफ्ट बनाइदियो भने त ९ महिना हुन्छ यो  यले त्यो हामीले ३ महिनालाई ९ महिना बनाउन सकिन्छ । आज हरेक दिन अरु देशमा राती काम हुन्छ दिउसभरी बाटो हेर्यो केही पनि छैन राती बनिसकेको हुन्छ । २ वर्षमा शहर बनेको हुन्छ अनी हामी यो कार्यान्वयन भएन कार्यान्वयन प्रतिपक्षले भन्ने अरुले भन्ने । अलिकति मन्त्रिज्यूहरुले सोच्नु पर्यो । मेनपावर छैन भने हामीले २ महिनाको लागि होइन ३ महिनाको १ लाख रुपैया दिएपनि एउटा इन्जिनियरलाई हामी राख्न सक्छौं । त्यहाँ लेखिएको हुन्छ कन्टिन्जेन्सी भनेर राखिएको हुन्छ । १ करोडमा २ प्रतिशत राख्दा २ लाख हुन्छ करोडौंका योजनाहरु छन् । त्यसमा पर्याप्त रकम पनि छ र हामीलाइ राख्ने अधिकार पनि छ । यलाई राम्रो गर्नुपर्यो र यो सुदूरपश्चिम कम्सेकम यो प्रदेशको यो राख्नु पर्यो । अब हामीले सरकारलाइ सुझाव दिने हो र यो काम गर्नुपर्छ छिटोमा छरितो मा र यति भन्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय, अहिले सुदूरपश्चिम प्रदेशको विभिन्न पहाडी जिल्लाहरु जसमध्ये मेरो बैतडी जिल्लाको तल्लो सोराडमा ३/४ देखी असिनाले बालीनालीको धेरै नोक्सानी गरेको छ । पटक पटक सरकारको ध्यानाकर्षण गराइएको छ र किसानहरुले बालनालीको भित्राउने बेलामा जुन नोक्सानी गरेको छ यसमा सरकारको ध्यानाकर्षण गराइ र राहतको प्याकेजको घोषणा गर्न पनि मैले सदन मार्फत सरकारलाई आग्रह गर्न चाहान्छु । यसै गरी अब गर्मी याम चलेको वर्षादको सिजनमा थुप्रै दैवि प्रकोपका घटनाहरु घटने सम्भावनाहरु छन् । प्राकृतिक प्रकोपका घटनाहरु घट्ने सम्भावनाहरु, विद्यमान रहदा पनि अहिलेसम्म यो विधेयक दैवि प्रकोप र यो विधेयक संसदमा अहिलेसम्म आउन सकेको छैन । यसको बारेमा पनि सरकारको आकष्मिक कोषको सम्बन्धमा पनि अहिलेसम्म संचालन

सम्बन्धी विधेयक सदनमा पेश नभएको कुरा सरकारको विशेष ध्यानाकर्षण गराउन चाहान्छु । यसका साथसाथै भौतिक निर्माण र पूर्वाधार सम्बन्धी विधेयक जले हाम्रो गुणस्तरता हामी भौतिक निर्माण सम्बन्धी Criteria निश्चित गर्नका लागि पनि गर्नु पर्ने विधेयक छ । यसको पनि अहिले खाचो रहेको हामीले देखिरहेका छौं । हिजोका नियमहरुले र हिजो स्थानीय सरकार संचालन गर्न पालन गरिएका निर्देशिका र संघीय सरकारले आयोजना गरेका जो विभिन्न विधेयकहरु कानूनहरु छन् त्यसका मार्फत हामीले कठिनाइ परिरहेको बेला यो विधेयक पनि सदनमा पेश होस भन्ने म विशेष आग्रह र्गन चाहान्छु । यसका साथसाथै अहिले हामीले साना साना योजनाहरु २ लाख ४ लाख ६ लाख १० लाखका योजनाहरु पनि आफै गरिरहेका छौं । जो हामीले स्थानीय तहलाई दिन सक्थ्यौं र स्थानीय तह मार्फत संचालन गर्न सक्ने योजनाहरु पनि नसकिरहेको अवस्थामा स्थानीय तहलाई अनुदान सम्बन्धी विधेयक सरकारले सदनमा पेश गरोस र कानून निर्माण गरेर स्थानीय तहलाई अनुदान दिने खालको व्यवस्थापन पनि गर्नु पर्छ र प्रदेश र स्थानीय सरकारका बिचमा Coordination भएर अगाडी बढ्यो भने यो लोकतन्त्र साँच्चिकै मजबुद भएर जान सक्छ भन्ने धारणा राख्दै र सरकारको यो विधेयकमा पनि विशेष ध्यान जाओस भन्ने म चाहान्छु । यसका साथसाथै अहिले सामाजिक विकास मन्त्रालयबाट संचालन भएका योजनाहरु हिजो हामीले आफ्नै आफ्नै जिल्लामा पाइरहेका सुविधाहरु जिल्ला शिक्षा कार्यालयमा भवन बनाउने Agreement गरिरहदा त्याहाँ भुक्तानी पाइरहने सुविधा हुँदा हुँदै अहिले प्रदेश भरिका योजनाहरुको सम्झौता अहिले प्रारम्भिक रुपमा जिल्लामा भएपनि तिनिहरुको भुक्तानी क्षेत्रीय शिक्षा निर्देशनालय मार्पत हुँदा चाहे ति बाजुराका हुन् चाहे दार्चुलाका हुन् कैलाली कंचनपुरका सबै मान्छेहरुले ३ लाख ५ लाखका योजना डोटीमा गएर सम्झौता भएका योजनाको भुक्तानी लिदा असार १५ गते देखी असार ३० गतेसम्म डोटीको हालत के हुन्छ र हाम्रो उपभोक्ताहरुको हालत के हुन्छ यससम्बन्धमा पनि सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु र समयमै जिल्ला जिल्लामा दिने योजनाहरु फच्यौट गर्न पनि सरकारको विशेष ध्यानाकर्षण गराउन चाहान्छु यसका साथसाथै हिजोसम्म शैक्षिक तालिम केन्द्रहरु संघीय सरकार मार्फत रहेका शैक्षिक तालिम केन्द्रहरु प्रदेशले चाहेको खण्डमा राख्न सक्ने भन्ने अहिले संघले घोषणा गरेको छ तर प्रदेश सरकारले यलाई राख्ने कि नराख्ने भन्ने बारे विभिन्न छलफल चलिरहेका छन् । हामी सुन्दै छौं मन्त्रिपरिषदमा यो प्रस्ताव गएको छ तर मन्त्रिपरिषदले साँच्चै तालिम केन्द्र यो प्रदेशको प्राथमिक माध्यामिक तहको शिक्षा गुणस्तर एकदमै न्यून खस्किरहेको अवस्थामा शैक्षिक तालिम केन्द्र यहाँको शिक्षकहरुको तालिमको व्यवस्थापन गर्नुपर्ने बेलामा यो शैक्षिक तालिम केन्द्र रहनु हुँदैन भन्ने अनौपचारिक छलफल चलिरहेका बेला आज यो प्रदेशको शैक्षिक गुणस्तर खस्किन सक्ने खतरा भएकाले यलाई औपचारिक रुपमा शैक्षिक तालिम केन्द्रलाई राख्ने व्यवस्था गरियोस । सकिन्छ भने ९ वटै जिल्लामा राखियोस नभए अहिले भएका शैक्षिक तालिम केन्द्रहरुलाई यथावत राख्न म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यसका साथसाथै जिल्ला स्वास्थ्य कार्यालयका कर्मचारिहरुले विगत ६ महिना देखी तलब नखाएको कुरा पनि हामी देख्दैछौं । कहिले जिल्ला स्वास्थ्य हिजो फिल्ड अफिस हुने कहिले ७७ जिल्लामा भखर परिणत भइसकेपनि जिल्ला स्वास्थ्यका कर्मचारीले

पनि ६/७ महिनादेखी तलब नखाएको कुरा हामी जिल्लामा जाँदा सुन्दैछौं । यसको बारेमा पनि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गर्न चाहान्छु र सम्पुरक कोष र विशेष अनुदान भनेर अर्थ मन्त्रालयले स्थानीय तहहरुलाइ सूचना जारी गरिसकेपछि Proposal पौष मसान्त भित्र पेश गर्ने भनेर आएका थिए । डिपिआर हरु तयार भएर आएका थिए तर पुष मसान्तमा डिपिआरहरु तयार हुँदा चैत्रको १४ गते बितिसक्दा पनि अहिलेसम्म पनि त्यसमा कुनै काम पनि अगाडि बढेको छैन र यै वर्ष अहिले टेण्डर गर र योजना सम्पन्न गर्नुपर्ने योजना भएका र या बहुवर्षिय योजनामा जान सक्ने योजना भएपनि अहिलेसम्म निर्णय नहुँदा सरकारको सम्पुरक कोषले १ अरब रुपैया दियो विशेष अनुदानको पैसा छुटयाएको छ । यो काम गर्न सकिदैन । यसमा पनि सरकाको गम्भिर ध्यानाकर्षण होस भन्न चाहान्छु । हवस धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, यो हाम्रो एतिहासिक प्रदेश सभा जाहा प्रदेश सभाको स्थापना भएदेखी सबै माननीय ज्यूहरु विशेष समय सुन्य समय र ढ्याढ्याके समयमा विभिन्न खालका विषयहरु उठान भयो । मलाइ लाग्छ प्रदेश सरकार नयाँ सुरुवातीको चरणमा भएका कारणले सबै सवालहरुको जवाफ र कृया सम्पन्न हुन सकेन । यसै अन्तरगत आ.व. २०७५/०७६ का प्रदेश सरकारका गौरवका आयोजनाहरु जाहा प्रदेश प्रादेशिक जलविद्युत विकास वोर्ड स्थापनाका कुरा छन्, सुदूरपश्चिम प्रदेशमा बस सेवाका कुरा छन्, एउटा निर्वाचन क्षेत्रमा एउटा रोडका कुरा छन्, एउटा निर्वाचन क्षेत्रमा एउटा खेलमैदानका कुरा छन् । जाहा विभिन्न क्षेत्र समुदायका लागि सशक्तिकरण देखी शिक्षामा पाउने छात्रवृतिका कुरा छन् । यो समग्र विषयलाई बाँकी यो आर्थिक वर्षको अन्त्य तिर आएर अब मात्र हामीसँग ढाइ महिना त्यो पनि नागरिकको क्षेत्रमा जनसमुदायको स्तरले अध्ययन गर्नेहो भने खेतीपाती कामको सुरुवात हुने बेला आएको छ । प्रदेश सरकारले प्रदेश गौरवका आयोजना जाहाँ सहरका कुरा पनि आएका छन् । यलाई कार्यान्वयन गर्नका लागि सोचेको विकल्प र त्यो क्याविनेटमा भएको छलफलको यथाशिघ्र हामीले जानकारी पाउनु पर्दछ । त्यो टेण्डरमा जाने हो भने बहुबर्षिक प्लानिङमा जानेहो भने त्यसको पनि आधिकारिक सूचना प्रदेश सभाका माननीयज्यूहरुले पाउनुपर्दछ र हामी नागरिकलाई सोही जवाफ दिन तयार छौं होइन कुन समस्या त त्यो देखिएकै समस्या हो संघीय सरकारले पनि जति बेला आमा विरामी हुन्छे आमाले उपचार पाउदैन । जतिबेला आमा सन्चो हुन्छे तेतिबेला सन्तानले भेट्न आउछ भने त्यसको औचित्य के हुन्छ । प्रदेश सरकार नयाँ व्यवस्थापनको चुनौतीमा थियो । त्यसैमा संघीय सरकारले कर्मचारी मिलनको कुरा उठान गर्यो तेल्ले पनि अझ हामी प्रदेशका विभिन्न मन्त्रालयमा  जाँदा निराशा भएर फर्किनु पर्ने अवस्था छ । यसलाई पनि छिटो छरितो रोकेर जुन जुन मन्त्रालयको कर्मचारीको समस्या सृजना भएको छ त्यहाँ केन्द्रिय सरकारले कर्मचारीको व्यवस्थापन हुनुपर्छ र अर्को कुरा हामीले प्रदेश सरकारको अघिल्लो आर्थिक वर्ष २०७४/०७५ मा हेर्दा देशकै मेरुदण्ड र

एतिहासिक क्षेत्र संचार सूचना तथा संचार क्षेत्रमा बजेटै विनियोजन भएन यो प्रदेशको । जहाँ जनताले सूचना पाउने अधिकारबाट पनि बन्चित हुन पुगेका छन् । थुप्रै पत्रकार एफ एम रेडियो टिभि टेलिभिजन देखि लिएर यो क्षेत्रका नागरिकहरुले त्यो सुविधाबाट वंचित हुन पुगेका छन् । त्यसै कारणले अब आउने आर्थिक वर्षमा त्यो क्षेत्रमा बजेट विनियोजन हुन अनिवर्य छ । यसै गरी सुदूरपश्चिम क्षेत्रमा हेर्दा ६ लेन को स्थापना गरिरहेका छौं । थुप्रै क्षमताका नागरिकहरु थोरै हुनुहुन्छ । वाहाहरुलाई फरक क्षमतामैत्री सडक हामीले निर्माण गर्न सकेका छैनौं । जो लठ्ठीको भरमा अर्को जना व्यक्तिको इसारामा यात्रा गर्ने अपाङ्ग साथिहरुलाई त्यो जोखिममा हुनुहुन्छ । यसको पिडा पनि प्रदेश सरकारले बुझ्न जरुरी छ । अर्को सदियौ वर्ष देखी थिचो मिचोमा परेका अन्याय अत्याचारमा परेका महिला दिदिबहिनिहरु दलित दाजुभाइहरु पछाडी पारिएका वर्ग जाति समुदायको हामी ससक्तिकरण राजनीतिक मुलधारमा सत्ताको मुलधारमा भन्छौं । अन्तमा गएर त्यै वर्गले न्याय पाएको हुँदैन । यहाँ हेर्दा सामान्य कार्यक्रमहरु त्याहाँ पनि कुखुरालाइ कनिका छरे जस्तो देखिन्छ । ति कार्यक्रममा पनि सबैको मन परी । एउटाको भएत सहन पनि सकिन्थ्यो । काही कसैको नमिल्ने काही कसैको नमिल्ने । अब हामीले यो प्रदेश सरकार अन्तरगत प्याकेजमा कार्यक्रम मागिराखेका छौं । सँधै ति वर्गले माग्नै पर्ने हामी वर्गले दिनै पर्ने अवस्थामा नपुर्याउनका लागि प्याकेजमा कार्यक्रमको व्यवस्था हुनुपर्छ । हामी सँधै अब महिलाका लागि ति दलितका लागि ति एकल महिलाका लागि बोल्ने वाला छैनौं । हामीले कति कराउने । नेपाल राष्ट्रले सुदूरपश्चिम प्रदेशमा सँधै ति समस्या सुनिराख्ने । ति समस्याको निकास कहिले आउने । यो आर्थिक वर्षमा तेसै जाने । अर्को आर्थिक वर्ष तेसै जाने र प्रदेश योजना आयोगलाई निर्माण गर्नका लागि प्रदेश सरकारले छिटो भन्दा छीटो नयाँ आर्थिक वर्षसम्म त्यो कुरा पनि सुरुवात गर्नुपर्छ धन्यवाद ।

**माननीय श्यामलाल रानाथारु**

माननीय सभामुख महोदय, मैले विगतमा केही गितका वोड र दोहाहरु भनेको थिएँ मलाइ लाग्छ त्यो ठिकै बोलेको रहेछु । आर्थिक वर्ष २०७५/०७६ को बजेट नीति तथा कार्यक्रममा छलफल माथि बोल्दा हामीले भनेका थियौं कि सरकार एनजिओ मुखी हुँदैछ । यो एनजिओहरु भ्रष्टाचारका मुल हुन । यलाई नियमन अनुगमन र नियन्त्रण गर्ने कानून ल्याउनु पर्छ तर त्यसो गर्नुभन्दा पनि सरकार उल्टा त्यसैमा अहिले फस्दै गएको छ । हामीले भनेका कुराहरु सत्य सावित हुँदै गएका छन् । यो कृषि प्रधान देश हो सबैलाई थाहा छ । ९० प्रतिशत जनताहरु अझै पनि कृषिमा आधारित छन् र यो सुदूरपश्चिम प्रदेशमा पनि यही अवस्था छ । हामीले वास्तविक कृषिलाई अगाडी बढाउने हो भने अहिले हामीले जुन सिचाइ सुविधाबाट वंचित जनताहरु छन्, सिचाइ सुविधालाई कसरी घर घरमा पुगाउन सकिन्छ । एक घर एक कृषि विद्युत वितरण मिटरको व्यवस्था गर्नुपर्छ अनिमात्र सबै जग्गाहरु हराभरा हुन सक्छन् अनि मात्रै खेतीहरु गर्न सकिन्छ र साथसाथै व्यवसायिक तालिम अनी मलखात आदिमा

प्रयाप्त अनुदान दिएर मात्र हामी आत्मनिर्भर बन्न सक्छौं । अहिले यो प्रदेशले धेरै ठुलो मात्रामा भारतबाट निर्यात गर्नुपर्ने अवस्था आइराखेको खाद्यान्तको विषयवस्तुहरु । त्यसै कारणले सरकारले यी कुराहरु सुक्ष्म अध्ययन गरेर जनताका समस्याहरुलाई समाधान गर्न मानेन । हामीले भनेको पनि मानेन र सरकारले विधि र प्रकृया मिचेर योजना त ल्यायो । हामीले धेरै ठुलो आशा गरेका थियौं । स्थानीय तहहरुमा राइपनिङ च्याम्बर, कस्टम हाइरिङ सेन्टर, कोल्डस्टोर र प्रदेश पूर्वाधारका कुराहरु ठुला योजनाहरु महत्वकाक्षी योजनाहरु छन् यीनीहरुलाइ समयमा सम्पन्न गर्न सकिन्छ कि सकिदैन भन्ने सवाल उठाउदा तेतिबेला हामीलाइ उल्टै काम नगर्न दिएको भन्ने आभास सरकारलाई लाग्थ्यो । तर अहिले म ठोकुवा साथ भन्न चाहान्छु कि यी महत्वपूर्ण योजनाहरु आर्थिक वर्ष भित्र कुनै हालतमा पनि सम्पन्न हुन सक्दैनन् । किनभने अधिकांक्ष योजनाहरुको अहिलेसम्म सम्पन्न हुने काम गर्ने बेला हो यो तर अहिलेसम्म अख्तियारी पनि आएको छैन । हामीले धेरै ठाउमा गएर कार्यालयहरुमा गएर हामीले सम्पर्क गर्यौं । धेरै कार्यालयहरुमा अख्तियारी पनि आएको छैन त्यसकारणले कतिबेला काम हुने हो । त्यस कारणले यो छिटोभन्दा छिटो यसको पहल होस भन्ने म चाहान्छु । वास्तवमा देश विकासको गतिमा पछाडी परेका समुदायहरु जुन अहिलेसम्म हामीले आवाज उठाइराखेका थियौं, गाउँघरमा आवाज उठिराखेको थियो राष्ट्रमै एउटा यस्तो आवाज उठिराखेको थियो कि दलित पिछडा वर्ग आदिवासी जनजाति तिनिहरुलाइ पनि देश विकासको मुलधारमा ल्याउनु पर्छ तर यो सरकारले यी समुदायहरुलाइ फेरी गणतन्त्रको अवस्थामा अहिलेको यस्तो सुन्दर अवस्थामा पनि यी समुदायहरुलाइ पछाडी धकेल्ने योजनाहरु बनाइराखेको हामीले देखिराखेका छौं । माननीय सदस्यहरुले भनिसक्नु भएको छ र सामाजिक विकास मन्त्रालयको जुन स्वयंसेवक भर्ना सम्बन्धी सूचना हो तेले नै प्रमाणित गरिसकेको छ कि हामीलाइ पछाडी पार्दै छ र मैले अस्ति पनि भनेको थिएँ र यो सदनमा पटक पटक उठान भएको भिमदत्त नगर विकास समितिसँग जोडिएको सवाल त्यो जग्गाको लिज प्रकरणमा अर्बौं घोटाला भएको छ । यसलाई प्रदेश सरकारले छानविन गर्ने कि नगर्ने । यो भ्रष्टाचारलाई छानविन गर्नका लागि संसदीय समितिको वटम हुनुपर्छ । म सभामुख महोदय मार्फत यो सदन समक्ष पुन माग राख्न चाहान्छु धन्यवाद ।

**माननीय सुशिला बुढाथोकी**

माननीय सभामुख महोदय, विभिन्न स्वास्थ्य चौकिहरुमा जनस्वास्थ्य सेवा प्रदान गर्ने ठाउहरुमा औषधीको अभाव भइ त्यहाँ दुरदराजमा रहेको पहुच नभएका जनताहरुले एउटा सिटामोल पनि नपाउने अवस्था रहेको छ । त्यसता ठाउहरुमा वर्थिङ सेन्टरहरुमा वहिरंग सेवा अनि परिवार नियोजनको साधनहरुको लागि पनि अति सिघ्र व्यवस्था गरियोस । यदि सरकारले समन्वय गरेर हुन्छ या प्रदेश सरकारले हुन्छ त्यसता ठाउँहरुमा एउटा गर्भवतीले आइरन चक्की नपाउने र अब यो बढ्दो गर्मीको समयमा झाडापखालाबाट रोकथाम गर्न जिवनजलको अभाव देखिएको छ । त्यो स्थानीय मार्फत हुनेहो कि

प्रदेश सरकार मार्फत हुने हो छिटो भन्दा छिटो स्वास्थ्य चौकीहरुको समस्यालाइ समाधान गर्नुपर्ने भनी म सभामुख मार्फत ध्यानाकर्षण गराउनु चाहान्छु र अस्ती भखरै ७ गते जुन सेती अंचल अस्पताल यो ७ नं प्रदेश कै रिफर सेन्टरको रुपमा रहेको सेती अंचल अस्पतालको प्रसुती गृह जुन ठाउमा महिला र महिलाहरु सुत्केरी आउने ठाउमा एउटा महिला २० वर्षको महिलाको ज्यान गएको छ । त्याहाँ के कारणले ति महिलाको ज्यान गएको हो त्यसको छिटो भन्दा छिटो प्रदेश सरकारले निरिक्षण गरी र त्यस ठाउमा कमि भएको कुराहरु र सेती अंचल अस्पतालको स्तर उन्नती गर्न छुट्याएको पैसाले पनि त्यस ठाउमा महिला सुत्केरी आउने सुत्केरी गृहलाइ व्यवस्थापन गरियोस र त्यो वार्डहरुलाइ पनि राम्रो सँग व्यवस्थापन गरियोस भन्ने म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र अब यो हाम्रो देश नेपाल कृषि प्रधान देश भनिएको छ र अब विउहरु राख्ने बेला भइसकेको छ र हाम्रो सरकारले प्रमाणित गरेका विउहरु र समयमा बजारमा नहुने र समय गैसकेपछि ति किसानहरुले नजिकै भारतको विउहरु ल्याएर लगाउनु पर्ने अवस्था छ । त्यो अवस्थाबाट किसानहरु पिडित छन् । त्याहाँबाट ल्याएको विउहरु गुणस्तरीय नभएको कारणले किसानहरुको आमदानी घटिरहेको अवस्था छ । त्यसकारणले यो माटो सुहाउदो विउहरुको बेलामानै व्यवस्थापन गरियोस भन्ने म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउनु चाहान्छु र यो ७५/७६ मा जुन बजेटहरु छुटिएको छ त्यो बजेटहरु अहिले सम्म तल्लो तहमा पुगिसकेको छैन । केही केही बजेटहरु कार्यान्वयनको दिशामा पुगिसकेको छ र अरु बजेट पुग्न ढिलाइ भएको छ त्यसकारणले हाम्रो जनतामा जुन अहिले हल्ला फैलिएको छ कि यो बजेट कार्यान्वयन हुँदैन बजेट फ्रिज भएर जान्छ भन्ने जस्ता हल्लाहरु फिटीएको छ । त्यो हल्लालाइ प्रदेश सरकारले तुरुन्त रोकिकन बजेट को कार्यान्वयन गरियोस भन्ने म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली २०७४ को नियम ५७ को उपनियम (२) बमोजिम शुन्य समयमा उठान भएका प्रश्नहरुको जवाफ ७ दिन भित्र प्रदेश सरकारले सभामा दिने गरी पत्राचार गर्न सचिवालयलाई निर्देशन दिन्छु ।

**५. माननीय सदस्यहरु,**

आजको शुन्य समय यही समाप्त हुन्छ ।

**६. माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**७. माननीय सदस्यहरु,**

**“सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५”** पुनः छलफलका लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइए पश्चात उक्त विधेयकमा पुनः छलफल भई तयार पारीएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**८. माननीय सदस्यहरु,**

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई **“सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** लाई सभाबाट पुनः छलफलका लागि समितिमा फिर्ता पठाईएपछि उक्त विधेयकमा पुनः दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय नेपालु चौधरी,**

माननीय सभामुखज्यू, मिति २०७५।१२।१४

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषय :- सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, विधायन तथा प्रदेश मामिला समितिको प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।१२।१२ गते बसेको तेस्रो अधिवेशनको १५ औं बैठकको निर्णय अनुसार पुनः दफावार छलफलको लागी समितिमा पठाइएको सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्न यस समितिको मिति २०७५।१२।१४, गतेका दिन तेस्रो अधिवेशनको तेह्रौं बैठकमा दफावार छलफलको कार्य प्रारम्भ भएको थियो । यस समितिको तेह्रौं बैठक १०:५० बजेबाट १२:३५ बजे सम्म, १ घण्टा ४५ मिनेट सम्म सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि पुनः छलफल भई दफावार छलफलको कार्य समाप्त भएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्न उक्त बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय उमा कुमारी वादी

२. माननीय श्याम लाल राना थारु

३. माननीय विरमान चौधरी

४. माननीय शान्ति नेपाली

५. माननीय मालामति कुमारी राना थारु

६. माननीय कुलविर चौधरी

७. माननीय लिलाधर भट्ट ।

**आमन्त्रीत**

८. आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह

९. माननीय पूर्णा जोशी

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | साविक को प्रश्तावनामा | **प्रस्तावना:** प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउदै प्रदेशवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी प्रदेशमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,(<br>नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ । | प्रस्तावना: प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउदै प्रदेशवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको समुचित व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी प्रदेशमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ । | प्रश्तावनाको मनसाय स्पष्ट पारिएको |
| २ | साविक मस्यौदाको दफा ६ को देहाय (ग) मा | (ग) समन्याय र समावेशीकरण | (ग) समन्याय र **समानुपातिक** समावेशीकरण | समावेशकिरणलाई समानुपातिक वनाउन उपयुक्त हुने भएकोले। |
| ३ | साविक मस्यौदाको दफा ७ को उपदफा (१) को देहाय (घ)मा | **(घ)** प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन, | **(घ)** प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा समुचित व्यवस्थापन, | कुसल शब्दको सट्टा उचित शब्द राख्न उपयुक्त हुने भएकोले |
| ४ | साविक मस्यौदाको दफा ७ कोउपदफा (१) को देहाय खण्ड(ज) पछि थपिएको देहाय (झ) | | **(झ)** स्थानीय साधनस्रोत,शीप र श्रमको प्रयोगमा जोड दिदै स्थानीय जनतालाई प्रत्यक्ष लाभ दिने विकास निर्माण कार्य सन्चालन गर्ने । | देहाय खण्ड (ज) पछि देहाय खण्ड (झ) थपिएको |
| ५ | साविक मस्यौदाको दफा ९ को उपदफा (२) मा | २) मन्त्रीले आफ्नो मन्त्रालय अन्तरगतका विषयहरुमा दीगो विकास र सम्वृद्धिमा योगदान पु-याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालिन महत्व राख्ने र उत्पादनमूलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना वैंक तयार गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ । | २) मन्त्रीले आफ्नो मन्त्रालय अन्तरगत तयार पारिएको परियोजना वैंकबाट छनौट भइ आएका दीगो विकास र समृद्धिमा योगदान पुर्याउने एवम् कम समयमा बढी प्रतिफल दिने तथा दीर्घकालीन महत्व राखे र उत्पादनमुलक आयोजना तथा परियोजनाहरुको परियोजना वैंक निर्माण गरी रातो किताबमा समावेश गरी कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित | उक्त उपदफाको मनसाय स्प्रष्ट पार्न । |

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रीको हुनेछसाथै परियोजना वैंक , निर्माण गर्दा प्रदेश सांसद वा प्रदेश योजना आयोग वा स्थानीय तह वा विज्ञहरुको प्रतिवेदनबाट सिफारिस भई आएका आयोजनाहरुलाई मात्र समावेश ,योजना गर्नुपर्नेछ । | |
| ६ | साविक मस्यौदाको दफा ९ को उपदफा (३) पछी उपदफा (४), (५), (६) (७) र (८) थपिएको । | | ४. मन्त्रीले आफ्नो मन्त्रालय अन्तर्गतको प्रत्येक बार्षिक योजना, आयोजना र परियोजनाको नाम स्पष्ट रुपमा किटान गरि बजेट विनियोजन गरि अनिवार्य रुपमा रातो किताबमा समावेश गर्नुपर्ने छ । | सरकारका क्रियाकलापलाई स्पष्ट र पारदर्शि बनाउँन उचित हुने भएकोले |
| ७ | | - | ५. मन्त्रीले बजेट पारित हुने वित्तिकै आफ्नो मन्त्रालय अन्तर्गतका योजना, आयोजना र परियोजना कार्यान्वयनको लागि एक महिना भित्रै अख्तियारी प्रदान गर्नु पर्ने छ र प्रथम चौमासिक भित्र सम्पूर्ण योजनाहरुको सम्झौता गर्नु पर्ने छ । सम्झौता हुन नसकेमा दोस्रो चौमासिकमा संशोधन गर्नु पर्ने छ। | आयोजनालाई समय भित्रै कार्यान्वयन गर्न सजिलो हुने भएकाले |
| ८ | | - | ६. मन्त्रीले आफ्नो मन्त्रालयको प्रत्येक चौमासिक विवरणलाई सार्वजनिक रुपमा सूचना प्रकाशित गरि मन्त्रालयको वेवसाईडमा समेत राख्नु पर्ने छ। | सरकारका क्रियाकलाप पारदर्शि बनाउँन उपयुक्त हुने भएकोले |
| ९ | | - | ७. मन्त्रीले कुनै पनि योजना, आयोजना र परियोजनामा रकमान्तर गर्दा रातो किताबमा उल्लेख गरिए बाहेकका योजना, आयोजना र परियोजनामा रकमान्तर गर्न पाईने छैन । रकमान्तर गर्न आवश्यक परेमा प्रदेशको सम्बन्धित निर्वाचन क्षेत्र र सम्बन्धित जिल्लामा मात्र गर्नु पर्ने तर सम्बन्धित निर्वाचन क्षेत्र र सम्बन्धित जिल्लामा रकमान्तर गर्न आवश्यक नभएमा मात्र प्रदेश भित्र रकमान्तर गर्न सकिनेछ। | रकमान्तर गर्ने व्यवस्थालाई स्वच्छाचारी हुनबाट रोक्न उपयुक्त हुने भएकाले |
| १० | | - | ८. विषयगत मन्त्रालयको योजना, आयोजना र परियोजना छनौट गर्दा सम्बन्धित निर्वाचन क्षेत्र भित्रका प्रत्यक्ष र समानुपातिक प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य समेतलाई समावेश गरि छनौट गर्नु पर्नेछ तर समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यले आफुले रोजेको प्रदेश भित्रका कुनै पनि एक निर्वाचन क्षेत्रको लागि योजना, आयोजना र परियोजना छनौट गर्न सक्नेछ। | आयोजना छनौटलाई स्पष्ट आधार दिन उपयुक्त हुने भएकोले |
| ११ | साविकको दफा ९ को उपदफा ४ लाई उपदफा ९ कायम गरि उपदफा ९ मा | (४) उपदफा (१), (२) र (३) मा उल्लेख भए वमोजिमको कार्यमा प्रतिकूल नहुने गरी सम्वन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ। | (९) उपदफा (१), (२), (३), (४), (५), (६), (७) र (८) मा उल्लेख भए वमोजिमको कार्यमा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य | नयाँ थप भएका उपदफाहरु ५ देखि ९ सम्मका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि उपयुक्त हुने भएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | हुनेछ । | |
| १२ | साविकको दफा १० को उपदफा २ को देहाय (ज) मा | (ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समय समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने वा गराउने, | (ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन प्रत्येक महिना अनिवार्य रुपमा बैठक गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने वा गराउने, | नियमित रुपमा सरकारका कामको समिक्षा गरि प्रभावकारी बनाउँन उपयुक्त हुने भएकाले |
| १३ | साविकको दफा १० को उपदफा २ को देहाय (ठ) पछि ड थपिएको | - | **(ड) प्रत्येक ३/३ महिनामा प्रदेशका सबै मन्त्रालयहरुको प्रशासकीय र व्यवस्थापकीय पाटोको अनुगमन गर्ने ।** | अनुगमनको पाटोलाई नियमित बनाउँन उपयुक्त हुने भएकोले |
| १४ | साविकको दफा १० को उपदफा २ को देहाय खण्ड (ड) लाई (ढ) बनाईएको | (ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने । | (ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने । | - |
| १५ | साविकको दफा १५ को उपदफा १ मा | (१) सचिव सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ । | (१) सचिव सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन **गर्नु पर्नेछ** । | कार्य सम्पादनको व्यवस्था अनिवार्य गर्न उपयुक्त हुने भएकोले |
| १६ | साविकको दफा ११ को उपदफा २ को देहाय खण्ड (झ) मा | मन्त्रालय वा प्रदेश स्तरका कार्यालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने, | मन्त्रालय वा प्रदेश स्तरका कार्यालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा **चौमासिक र** वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने, | चौमासिक प्रतिबेदनको व्यवस्था गर्न उपयुक्त हुने भएकोले |
| १७ | साविकको दफा ११ को उपदफा २ को देहाय खण्ड (ण) मा | आफ्नो मन्त्रालयको कार्यक्षेत्र अन्तरगतका विषयहरुमा दिगो विकास र सम्वृद्धिमा योगदान पु(याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालीन महत्व राख्ने र उत्पादनमुलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना बैंक तयार गर्ने, | आफ्नो मन्त्रालयको कार्यक्षेत्र अन्तरगतका विषयहरुमा दिगो विकास र सम्वृद्धिमा योगदान पुऱ्याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालीन महत्व राख्ने र उत्पादनमुलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना बैंक तयार गर्दा प्रदेश सांसद वा प्रदेश योजना आयोग वा स्थानीय तह वा विज्ञहरुको प्रतिवेदनबाट सिफारिस भई आएका योजना, आयोजनाहरुलाई मात्र समावेश गर्नु पर्नेछ । | परियोजना बैंकको स्पष्ट आधार दिन उपयुक्त हुने भएकोले |
| १८ | साविकको दफा १३ को देहाय खण्ड (ङ) मा | आफु बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने, | आफु बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई **टोकन प्रणाली र विद्युतीय माध्यमबाट** प्रभावकारी बनाउने, | प्रभावकारी सेवा प्रणालीको माध्यम समेत स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| १९ | साविकको दफा १३ को देहाय खण्ड (ङ) पछि (च) थपिएको | - | **(च) प्रदेश सरकारका गौरवका आयोजना वा ठुला योजनाको हकमा कार्य संचालन हुदा, संचालन भै रहदा र फरफारक गर्दा कार्यालय प्रमुखले अनिवार्य रुपमा निरीक्षण गर्नु पर्नेछ ।** | निरीक्षणलाई प्रभावकारी बनाउँन उपयुक्त हुने भएकोले |
| २० | साविकको दफा १३ को खण्ड (च) लाई खण्ड (छ) बनाईएको | (च) तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउँने । | **(छ)** तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउँने । | - |
| २१ | साविकको दफा १५ को उपदफा (१) मा | (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र | (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र | समयावधि स्पष्ट पार्न उपयुक्त हुने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उचित समयावधिभित्र निर्णय गर्नुपर्नेछ । | त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले **बढीमा चार महिना भित्र** निर्णय गर्नुपर्नेछ । | |
| २२ | साविकको दफा १५ को उपदफा ३ मा | (३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशिघ्र दिनुपर्नेछ । | (३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई ३ **दिन भित्र** दिनुपर्नेछ । | समयावधि स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| २३ | साविकको दफा २१ को उपदफा ३ मा | (३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार (मन्त्रिपरिषद्), सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले चेतावनी दिन सक्नेछ । | (३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार (मन्त्रिपरिषद्), सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय **वा कार्यालय** अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले **वा कानून बमोजिम अख्तियार प्राप्त कार्यालय प्रमुखले** चेतावनी दिन सक्नेछ । | चेतावनी दिने पदाधिकारी स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| २४ | साविकको दफा ३२ को उपदफा ६ पछि ७ थपेको | - | **(७) नयाँ बैज्ञानिक पद्धतीमा आधारित विद्युतीय प्रणालीबाट गुनासोको व्यवस्थापन उपदफा (४), (५) र (६) बमोजिम हुनेछ ।** | नयाँ बैज्ञानिक प्रणाली समेतबाट गुनासोको व्यवस्थापन गर्न उपयुक्त हुने भएकोले |
| २५ | साविक मस्यौदाको दफा ३२ को उपदफा ७ लाई उपदफा ८ बनाएको | (७) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | (८) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | - |
| २६ | साविक मस्यौदाको दफा ४४ लाई हटाइएको | ४४ निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने: प्रदेश सरकार तथा स्थानीय तहले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न वा सुशासन कायम राख्न आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ । | ४४ निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने: प्रदेश सरकार तथा स्थानीय तहले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न वा सुशासन कायम राख्न आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ तर प्रदेश सरकारको बजेट कार्यान्वयन गर्दा आवश्यक परेमा प्रथम चौमासिक भित्र निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई सम्बन्धित निकायबाट स्वीकृत गराइसक्नु पर्नेछ । | सरकारको बजेट छिटो छरितो कार्यान्वयन गर्न आवश्यक भएकोले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>**प्रस्तुतकर्ता**</u>
माननीय नेपालु चौधरी
सभापति
विधायन तथा प्रदेश मामिला समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

(***प्रतिबेदन प्रस्तुत गरेपछि***)

**९. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।.

**१०. माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र १५ गते शुक्रबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।